थाहानगरमा मंगलदीपले थाल्यो 'डिजिटल कारोबार'। पृष्ठ ५ मा

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक

विकास खबरपत्रिका राष्ट्रिय साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-८
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com



● मकवानपुर, वर्ष-१५, ● अंक-११ ● २०७९ असोज १० गते सोमबार, ● 26 Sep. 2022, ● नेपाल सम्वत्-११४२, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

## थाहानगरको भुङ्दल खोलामा पक्की पुल बन्यो, यातायात सुचारू



◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिका वडा नम्बर २ र ३ जोड्ने पक्की पुल निर्माण कार्य सकिएको छ । थाहानगरको भुङ्दल खोलामा निर्माण गरिएको आर.सी.सी. सडक पुल सपना निर्माण सेवाले निर्माण गरेको हो । 'सडक पुल निर्माण कार्य सकिएको छ, हस्तान्तरण मात्र बाँकी हो'- निर्माण कम्पनीका आकाश गुप्ताले भने । पुलबाट सवारी साधन आवागमन गर्न थालिसकेका छन् ।

भुङ्दल सडक पुल निर्माण कार्य आयोजना थाहा ३ का लागि भौतिक पूर्वाधार विकास मन्त्रालय बागमती प्रदेश अन्तर्गत यातायात पूर्वाधार निर्देशनालय पूर्वाधार विकास कार्यालय चितवनले बजेटको व्यवस्था गरेको हो । १६ स्पान तथा ८ मिटर चौडाई रहेको सो पुलको लागत ३ करोड २४ लाख ७९ हजार ५०८ रूपियाँ रहेको थियो । पुल निर्माणका लागि पूर्वाधार विकास कार्यालयले २०७७ जेठ २४ गते सपना निर्माण सेवासंग योजना सम्झौता गरेको थियो ।

पुल निर्माण भएसंगै थाहा नगरपालिका वडा नम्बर २ र ३ मा आवतजावतका लागि सहज भएको छ । वर्षेनी वर्खाको बेला सडक सम्बन्ध विच्छेद हुने थाहा २ का लागि पुल निर्माण भएपछि स्थानीयहरू खुशी भएका छन् । थाहानगरका निवर्तमान नगर प्रमुख लवशेर विष्टले पुल निर्माण सम्पन्न भएकोमा सहयोग गर्ने पूर्वाधार विकास मन्त्रालय र निर्माण व्यवसायीलाई धन्यवाद दिए । आफ्नो कार्यकालमा जग हालेको विकास निर्माणका काम क्रमशः सम्पन्न हुँदै खुशीको कुरा भएको धारणा राखे ।

# 'आग्राको विकासका लागि सँधै प्रतिवद्ध छु'-पूर्वमन्त्री खतिवडा

विकास संवाददाता
थाहानगर

मकवानपुर क्षेत्र नम्बर २ का प्रतिनीधिसभा सदस्य विरोध खतिवडाले थाहानगरको आग्रा क्षेत्रको विकासका लागि आफू प्रतिवद्ध रहने बताएका छन् । उनले पछाडि पारिएको क्षेत्रको विकास आफ्नो जहिल्यै प्राथमिकतामा हुने बताउँदै थाहानगरको आग्रालाई सम्वृद्ध र सक्षम बनाउनका लागि योजना निर्माण र कार्यान्वयमा सहयोग गर्ने बताए ।

पूर्व स्वास्थ्य तथा जनसंख्या मन्त्री समेत रहेका खतिवडाले आग्रामा ठुला योजना ल्याउने सन्दर्भमा दामगाडे-महादेबेशी सडकलाई प्राथमिकतामा राख्दै उक्त सडकको स्तरीकरणमा बजेट व्यवस्थापन गरेको बताए । आग्रा स्वासथ्य चोकीले संचालनमा ल्याएको एम्बुलेन्स सेवाको उद्घाटन गर्दै नागरिकले सहजै स्वास्थ्य सेवा पाउने वातावरण बनाउनका लागि आफू हरदम तयार रहेको उल्लेख गरे । थोरै समय मन्त्री हुँदा आफ्नो निर्वाचन क्षेत्रमा सक्दो योगदान दिएको बताउँदै अझै पनि यहाँको विकास र सम्वृद्धिका लागि निरन्तर सहयोग रहने उनको भनाइ थियो ।

थाहा नगरपालिकाका नगर प्रमुख विष्णु विष्ट 'आदर्श'ले पूर्व स्वास्थ्य मन्त्री खतिवडाले थाहानगरको विकासमा पुऱ्याउनु भएको विकास योगदानको चर्चा गरे । नगर प्रमुख विष्टले खतिवडा मन्त्री



भएपछि संघ र प्रदेश सरकारको योजनाबाट दामगाडे महादेबेशी सडक, दामगाडे खानेपानीलगायत स्वास्थ्य संस्थाहरूको विकासको लागि बजेट व्यवस्था भएको उल्लेख गर्दै पूर्व मन्त्री खतिवडाको प्रशंसा गरे ।

थाहा नगरपालिका वडा नम्बर ८ का वडाध्यक्ष हेमकुमार थिङको सभाध्यक्षतामा भएको कार्यक्रममा नगर उपप्रमुख भरत गोपाली, थाहा नगरपालिका वडा नम्बर ८ का पुर्व जनप्रतिनिधिहरू टिकाराम रूम्बा, सुमन कार्की, नेकपा एकीकृत समाजवादिका नेता गौतम बुद्ध लामा, नेकपा एमालेको जिल्ला सदस्य शिवराम थापालगायतले मन्तव्य व्यक्त गरेका थिए ।

कार्यक्रमका अतिथीहरूलाई आग्रा स्वास्थ्य चौकी प्रमुख लव बहादुर थापाले स्वागत गरेका थिए । उनले आग्रा स्वास्थ्य चौकी एककोठे कच्ची भवनबाट अहिलेको अवस्थासम्म आउनका लागि सहयोग गर्ने सम्पूर्णलाई धन्यवाद दिए । अहिले स्वास्थ्य चौकी भवन नेपाल सरकारको मापदण्ड अनुसार निर्माण भई संचालनमा आउनका लागि सहयोग गर्ने च्वाइस नेपाल, एम्बेलेन्स सेवाका लागि सहयोग गर्ने भारतीय राजदुतावासप्रति थापाले आभार व्यक्त गरे । चार रोपनी क्षेत्रफलमा फैलिएको स्वास्थ्य चौकीमा प्रयोगशाला सुविधा समेत रहेको छ ।

## बज्रवाराहीमा विद्यालय भवन उद्घाटन

◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिका वडा नम्बर ६ मा रहेको बज्रवाराही माविको नवनिर्मित भवनको उद्घाटन गरिएको छ । निर्माण सम्पन्न भएको ११ कोठे पक्की भवनको ६ असोजमा थाहा नगरपालिकाका प्रमुख विष्णु विष्टले एक समारोहकाबीच उद्घाटन गरे ।

जापान सरकारको ३ करोड ७५ लाख रूपैयाँ ऋण सहयोगमा निर्माण भएको उक्त भवनको उद्घाटन गरिएको विद्यालयका प्रधानाध्यापक रमेशमान डंगोलले जानकारी दिए ।

विद्यालयको ९ कोठे भवन प्रशासनिक कार्य, कम्प्युटर ल्याब, विज्ञान प्रयोगशाला, लाइब्रेरी र कक्षा कोठाका लागि प्रयोग हुनेछ । थाहा नगरपालिकाका अध्यक्ष बिष्णुबहादुर बिष्टको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो । भौतिकरूपमा शैक्षिक गुणस्तर विकास पनि हुनुपर्ने बिष्टको भनाइ छ । विद्यालयमा ४ सय ७३ जना विद्यार्थी अध्ययनरत् छन् । कार्यक्रममा शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरका प्रमुख दिनानाथ गौतमको विशिष्ट आतिथ्य रहेको थियो । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष कल्पना बलामीको सभाध्यक्षतामा सम्पन्न उद्घाटन समारोहमा ६ नम्बर वडाध्यक्ष राजेन्द्रभक्त श्रेष्ठ, विद्यालयका प्रधानाध्यापक रमेशमान डंगोल, ओडिए (जापान) का टिम लिडर वङ कुक हुङलगायतकाको आतिथ्यता रहेको थियो ।

भवन उद्घाटनको अवसरमा आयोजित समारोहमा विद्यार्थीले दशै विशेष सास्कृतिक कार्यक्रमको समेत गरेका थिए ।

## मकवानपुरमा मतदाताको संख्या ३ लाख नाघ्यो

◆ विकास संवाददाता

मकवानपुरमा आउँदो मंसिर ४ गते हुने प्रतिनिधि तथा प्रदेशसभा निर्वाचनको लागि ३ लाख ७ सय ३३ मतदाता पुगेका छन् । गत स्थानीय तहको निर्वाचनमा २ लाख ९४ हजार ९ सय १९ जना मतदाता रहेको मकवानपुरमा ५ हजार ८ सय १४ हजारको संख्यामा मतदाता बढेका हुन् ।

मकवानपुरमा १ लाख ५३ हजार ५ सय २८ जना पुरूष, १ लाख ४७ हजार २ सय महिला तथा ५ जना अन्य समूहको मतदाता रहेको बागमती प्रदेश निर्वाचन कार्यालय हेटौंडाले जनाएको छ ।

मकवानपुरमा प्रतिनिधि तथा प्रदेशसभाको लागि १६७ वटा मतदान स्थल तथा ३६४ वटा मतदान केन्द्र रहेको कार्यालयका सूचना अधिकारी दिपेन्द्रराज बरालले बताए । बरालका अनुसार आगामी असोज १५ देखि २० गते भित्र निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिनेछ ।



प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७
कार्यालय: थाहा-८ सम्पर्क नं. ९८०७१५३३००

## • सम्पादकीय •

### विकृति पन्छाऔं, संस्कृति पछ्याऔं

यसपालिको दशै शुरु भएको छ । दशैंको पहिलो दिन आज घटस्थापना । हरेक वर्ष शरद ऋतुमा पर्ने यस पर्वलाई देश विदेश जहाँसुकै बसेका भए पनि नेपालीहरूले निकै हर्षोल्लासपूर्वक मनाउने गर्दछन् । विशेषगरी आश्विन शुक्ल प्रतिपदाको दिन घटस्थापना गरी जमरा राखेर मनाउन शुरू गरिने यो पर्व दशमीको दिन मान्यजनहरूको हातबाट टीका र जमरा लगाएपछि सकिएको मानिन्छ । दशैंलाई पूर्णिमाको दिनसम्म पनि टीका र जमरा लगाई मान्यजनको आशीर्वाद लिने चलन पनि छ । शास्त्रीय परम्परा अनुसार यस पर्वमा नौ दिन नौ रातसम्म एकएक गरी नवदुर्गाको पूजा-उपासना हुने भएकाले यस पर्वलाई नवरात्र पर्व भन्ने गरिएको छ । दशौं दिन सकिने भएकोले यसलाई दशैं भन्ने गरिएको भन्ने पनि भनाइ छ । त्यस्तै असत्यमाथि सत्यको विजय हुन्छ भन्ने मान्यताले पनि दशैं मनाउने गरिन्छ । दशैंलाई शास्त्रीय धार्मिक, सामाजिक, सांस्कृतिक र आध्यात्मिकरुपले महत्वपूर्ण पर्वको रुपमा मनाउँदै आएको पाइन्छ ।नेपाल बहुजाति, बहुभाषिक, बहुसांस्कृतिक मुलुक हो । यहाँ आ-आफ्ना जातिगत चाडपर्व, भाषा संस्कृति भए पनि सांस्कृतिक अन्तरघुलन पनि उत्तिकै छ । हिन्दू विशेष भनेर भनिँदै आएको भए पनि दशैं सबै नेपालीले मान्ने चाडको रुपमा स्थापित हुँदैछ । त्यसो त दशैंलाई लिएर सरकारले दिने विदा र सुविधाले पनि यसलाई सबैका बीचमा प्रिय पर्वको रुपमा स्थापित हुन बल पुगेको छ । सांस्कृतिक रुपले दशैं करिव-करिव सबै नेपालीका बीचमा पुगिसकेको छ भने दशैं पर्वको सामाजिक पक्ष अझ बलियो छ । दशैंका बेला काम विशेषले टाढा-टाढा पुगेका परिवारजनहरु घर फर्किने गर्छन् ।

दशैंका बेला आफूभन्दा सानालाई आशीर्वाद दिन र ठूलाबाट आशीर्वाद लिन सकेसम्म घर-घर जाने आउने प्रयास गर्दछन् । यो प्रचलनले कम्तिमा वर्षको एकपटक भए पनि आफन्तसँग भेटघाट गराउन सहयोग पुऱ्याउने महत्वपूर्ण कडीको रूपमा पनि दशैं रहेको मान्न सकिन्छ । सानालाई शुभाशिष दिने र ठूलाबाट लिने परम्पराले आफन्त, नाता कुटुम्ब, टोल, छिमेक र परिवारजनबीच कुनै रिस, राग वा द्वेष भएको भए त्यसलाई मेटाएर प्रेम र सद्भाव बढाउने अवसर समेत यतिबेला मिल्ने गरेको छ । दशैं पर्वले हर्ष, उल्लासको वातावरण लिएर आउँछ भन्दा दुई मत नहोला । त्यसो त दशैंजस्ता चाडपर्वले हर्षोल्लास मात्र लिएर आउँदैनन्, चाडपर्वका बेला भित्रिएका देखासिकी, विकृति विसंगतिले धेरैलाई पिरोलेको पनि देखिन्छ । समाजमा हुने खाने र हुँदा खानेबीचमा ठूलो खाडल छ । समाजमा आर्थिक हैसियत भएका वर्ग र विपन्न वर्ग सबै छौं । खर्च गरेर तडकभडक गरेर पर्व मनाउने र नसक्नेहरुले पनि ऋणधन जुटाएर यस्ता पर्वहरु मनाउँदा समाजमा एउटा वर्ग जहिले पनि ऋणको भारी बोक्नुपर्ने अवस्थामा रहेको हुन्छ । चाडपर्वलाई देखासिकी र आडम्बरयुक्त बनाउने मानसिकतालाई हामीले परिवर्तन गर्न सक्नु पर्दछ । अब पनि यस्ता खर्चिला पर्वहरुलाई परिवर्तन गर्न सकिएन भने समाजमा रहने विपन्न वर्गको अवस्था झनै खस्किँदै जान्छ । पर्वको नाममा फजुल खर्चलाई सबैले निरुत्साहित गर्दै लैजानुपर्छ ।

अघिल्ला केही वर्ष कोभिड संक्रमणले पिरोलेको हामीलाई यस वर्ष डेंगी संक्रमणले थप आक्रान्त पारेको छ । गाउँ शहर सबैतिर डेंगीका बिरामी छन् । हिमाली जिल्ला मुस्ताङ बाहेक ७६ जिल्लामा डेंगी फैलिएको छ । पछिल्लो तथ्यांक अनुसार साउनयता २२ हजार नौ सय ८८ जनामा डेंगी संक्रमण पुष्टि भएको छ । हालसम्म डेंगीबाट २९ जनाको मृत्यु भइसकेको छ । समयमै लामुखुट्टेको बासस्थान खोज्ने र नष्ट गर्ने काम अगाडि नबढाउँदा डेंगी संक्रमण बढ्दै गएको छ । दशैं मनाइरहँदा हामीले हाम्रो स्वास्थ्य र हाम्रो सामाजिक परिवेशलाई ख्याल नगरे संस्कृति र स्वास्थ्य दुवै जोगाउन मुस्किल पर्छ ।


### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काठमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*


### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# प्रदेश संरचनाका प्रयास : कति सफल कति असफल ?



एनपी रिजाल

जब नेपाललाई पाँच विकास क्षेत्रबाट सात वटा प्रदेश स्वरूपमा रूपान्तरण गरियो त्यसबेला देश एकात्मक संरचनाबाट संघीय संरचनामा मात्र गएको थिएन आर्थिक विकासको विषयमा केन्द्रको मात्र मुख ताक्नुपर्ने या केन्द्रको मात्र भूमिका खोजिने अवस्थाको अन्त्य भएको थियो, अनि काठमाडौंमा मात्र केन्द्रित आर्थिक मोह बिस्तारै प्रदेश स्तरमा जाने अपेक्षा गरिएको थियो । सबै जनता आफ्नो गृह जिल्ला नजिकै नयाँ राजधानी हुने कुराले मात्र होइन गाउँगाउँमा सिंहदरबार पस्ने नाराले पनि उत्साहित थिए । पिछडिएका गाउँगाउँसम्मको आर्थिक विकासको योजनाको निर्माण काठमाडौंले मात्र होइन प्रदेशबाट नै हुने कुरामा आमजनता ढुक्क थिए । प्रदेश संरचनामा देश प्रवेश गरेसँगै नेपाली अर्थतन्त्रले पनि लय समाउने अपेक्षा थियो ।

तर संविधानले दिएको दायित्व निर्वाह गर्दै ६ वटा प्रदेशसभाले मात्रै आफ्नो प्रदेशको नामकरण गर्न सकेका छन् । प्रदेश-१ मा भने अझै नामकरण हुन पनि सकेको छैन । प्रदेश संरचनाले आधा दर्जन वर्ष पार गर्न लाग्दा धेरै जनतामा संघीयता प्रतिको मोह घट्न थालेको छ । कतिपय विश्लेषकहरू प्रदेश संरचना नेपालको लागि आवश्यक नभएको, देशको आर्थिक भार मात्र बढाएको ठान्छन् । कहिलेकाहीँ ठूला राजनीतिक दलका नेताहरू पनि यसको भविष्यको बारेमा बहस गर्नुपर्ने मन्तव्य राख्छन् । नेपालजस्तो सानो देशको लागि प्रदेश सरकारको संरचना आवश्यक नभएकोले त्यसले स्थायित्व प्राप्त गर्न सक्छ र ? भन्ने विषयमा नै प्रश्न उठ्ने गरेको छ ।

## पुरानो अवधारणाको पुनरावृत्ति

०१३ साल पुसमा गठन भएको एक कमिटीले तयार पारेको नेपालको जिल्ला प्रशासन पुनर्गठन प्रतिवेदनले नेपाललाई सात क्षेत्रमा विभाजन गरेको थियो । जसमा अरूण क्षेत्र, जनकपुर क्षेत्र, काठमाडौं क्षेत्र, गण्डक क्षेत्र, कपिलवस्तु क्षेत्र, कर्णाली क्षेत्र र महाकाली क्षेत्र थिए । यो अवधारणा राणाशासनको अन्त्य र प्रजातन्त्रको स्थापना पछिको संक्रमणकालीन राजनीतिक माहोलको दौरान आएको थियो । तर, पछि ती सात क्षेत्रको अवधारणा परिवर्तन गरी सिंगो देशमा ७५ जिल्ला, १४ अञ्चल र पाँच विकास क्षेत्रको संरचना कार्यान्वयन भयो ।

सात क्षेत्र अवधारणा हटाइएको ६० वर्षपछि लगभग त्यही भूभागलाई समेटेर सात प्रदेशको संरचना ०७२ साल असोज ३ गते नेपालको संविधान २०७२ जारीसँगै विधिवत रूपमा कार्यान्वयनमा आयो । माओवादी 'जनयुद्ध'सँगै जन्मिएको संघीय संरचनाको अवधारणा नेपालमा लामो समयदेखि रहेको आम गरिबी, निम्न आर्थिक विकास, आर्थिक असमानताको अन्त्य जस्ता पाटाहरूलाई पाखा लगाउँदै सबै क्षेत्रमा समान रूपमा आर्थिक विकास गर्छ भन्ने अपेक्षा थियो । दोस्रो जनआन्दोलन ०६२/६३ सँगै सिर्जना भएको नयाँ राजनीतिक सरगर्मीमा अन्य राजनीतिक दलहरूको मुद्दाको तालिकमा बिस्तारै संघीय संरचनाको विषय पनि घुस्न थाल्यो । मधेस मुद्दाको राजनीति गर्ने राजनीतिक दलहरूले त झन् एक मधेस एक प्रदेशको आवाज उठाएका थिए । देशलाई प्रदेश संरचनामा लानु माओवादी 'जनयुद्ध' र मधेस मुद्दाको राजनीतिको तातो राप सेलाउने एउटा अस्त्र थियो ।

## पुरानै कर्मचारीतन्त्रलाई कमान

सात वटा प्रदेश बनेसँगै नयाँ कर्मचारीतन्त्र स्थापित नगरी पुरानै कर्मचारीतन्त्रमा कार्यरत जनशक्ति प्रदेश सरकार मातहतमा स्थापित भए । प्रदेश संरचनामा काम गर्न नखोज्ने कर्मचारीको जमात ठूलो थियो तर विस्तारै उनीहरू पनि नयाँ संरचनामा समाहित भए । राणाकालदेखिको कर्मचारीतन्त्रको जालो अनि त्यसभित्रको ढिलासुस्ती, जनउत्तरदायीत्वको कमी, आर्थिक प्रगतिको प्रतिकूलको संरचना केन्द्रीय कर्मचारीतन्त्रबाट जस्ताको तस्तै प्रदेशमा देखापरेको छ । पाँच वर्षका लागि जननिर्वाचित प्रतिनिधिलाई औँलामा खेलाउन सक्ने कर्मचारीतन्त्रको ठाउँमा नयाँ सोच, अवधारणा र नयाँ संरचनाबाट छिटो आर्थिक लाभ लिन सक्ने किसिम जनशक्तिको व्यवस्थापन गरिएन । पछिल्लो समयमा प्रदेश स्तरमा नयाँ भर्ना गरिएको भए पनि मूल संरचना पुरानै छ । जबसम्म कर्मचारीतन्त्रको कार्यशैलीमा परिवर्तन गर्न सकिँदैन तबसम्म नयाँ राजनीतिक व्यवस्थाबाट दीगो आर्थिक विकासको अपेक्षा गर्नु व्यर्थ हुन्छ ।

## संटकमा केन्द्र र स्थानीय नै अगाडि

प्रदेश संरचनाले नाम पनि नपाउँदै विश्वव्यापी कोरोना महामारी आयो । त्यो महामारीको आर्थिक प्रभाव नेपालमा पनि परेको छ । संक्रमण नियन्त्रण गर्न देश बन्दाबन्दीको अवस्थामा गयो । नेपालजस्तो कमजोर अर्थतन्त्र भएको मुलुक लामो समयसम्म बन्दाबन्दीको अवस्थामा जाँदा अर्थतन्त्र धेरै पछाडि धकेलिएको छ । अर्थतन्त्रलाई चलायमान गराउन बन्दाबन्दी खोल्ने र कारोना संक्रमणको अवस्था हेरी बन्द गर्ने विषयमा केन्द्र र स्थानीय निकायहरूले निर्णायक भूमिका खेले पनि प्रदेशको भूमिका कमजोर देखियो । संक्रमणको अवस्थाअनुसार सिडियो सापहरू र पालिका स्तरमा प्रमुखहरूले निर्णायक भूमिका खेले । केन्द्रको सिधा सम्बन्ध स्थानीय निकायसँग देखियो भने भर्खर जन्मेको प्रदेश संरचना शक्तिविहीन देखियो । स्थानीय स्तरमा देखिएका संटकको भूमिकामा पालिकाहरू आर्थिक रूपमा कमजोर भए पनि निर्णय गर्न भने सक्षम देखिए ।

## करको दर बढ्यो र कार्यशैली पुरानै

प्रदेश संचरनासँगै जनताले तिर्ने करको दरमा पनि वृद्धि भयो । पहिले केन्द्र र स्थानीय निकायलाई मात्र तिर्ने कर अहिले प्रदेश सरकारलाई पनि तिर्नुपर्छ । देशमा कृषि आधुनिकीकरण हुन नसक्नु, उद्योगहरूको संख्या कम हुनुले रोजगारको क्षेत्र पनि कम छ । सरकारी आयको स्रोत र स्तरमा तुलनात्मक रूपमा वृद्धि हुन सकेको छैन । अर्कोतिर प्रदेश संरचनासँगै सरकारी खर्चको लागत पनि उच्च भयो । केन्द्रबाट प्राप्त अनुदान र करबाट प्राप्त रकमको भरमा बनाइएका विकासका योजना पनि प्रभावकारी रूपमा कार्यान्वय हुन सकेका छैनन् । विकासका योजनाहरू आर्थिक वर्षको अन्तिम तीन महिनामा सक्ने प्रयास गर्ने, बजेट रकम पूर्ण रूपमा खर्च नहुनेजस्ता समस्या प्रदेश संरचनामा पनि देखियो ।

> ०१३ साल पुसमा गठन भएको एक कमिटीले तयार पारेको नेपालको जिल्ला प्रशासन पुनर्गठन प्रतिवेदनले नेपाललाई सात क्षेत्रमा विभाजन गरेको थियो । जसमा अरूण क्षेत्र, जनकपुर क्षेत्र, काठमाडौं क्षेत्र, गण्डक क्षेत्र, कपिलवस्तु क्षेत्र, कर्णाली क्षेत्र र महाकाली क्षेत्र थिए । यो अवधारणा राणाशासनको अन्त्य र प्रजातन्त्रको स्थापना पछिको संक्रमणकालीन राजनीतिक माहोलको दौरानमा आएको थियो ।

## राजनीतिक अस्थिरमा नेपाल

पहिलोपटक बनेका प्रदेश सरकारहरू पनि अस्तिरताको संटकको सामना गर्न पुगे । सत्ता टिकाउनका लागि विश्वासको मतमा निर्भर हुनुपर्ने र कतिबेला सत्ता हातबाट जाने हो ? टुंगो छैन । जनताबाट निर्वाचित प्रतिनिधिहरू सत्ताको खेलमा रूमलिँदा आर्थिक रूपान्तरणका मुद्दाहरू पनि ओझेलमा पर्ने गरेका छन् । अस्थिर सत्ताको यात्राको कारण लगानीका स्रोत खोज्ने, नयाँ अवसर खोज्ने जस्ता विषयहरूको कहिल्यै पनि उठान हुँदैन । त्यस्तै किसिमको लय प्रदेश सरकार काहरूमा पनि देख्न थालिएको छ ।

प्रदेश संरचना नेपालका लागि नयाँ अभ्यास थियो । प्रदेश संरचनामा देश गए पनि विस्तारै आर्थिक विकासका लहरहरू देखिन थालेको भए, केन्द्रीय संरचनामा भएका बेतिथिको अन्त्य गर्दै आर्थिक विकासको गति बढेको भए संरचना परिवर्तनको सकारात्मक प्रवाह हुने थियो । आधा दशक कुनै पनि देशको आर्थिक रूपान्तरणका धेरै समय हो । त्यसमा पनि नयाँ संरचनाले आशालाग्दा धेरै कामहरू गर्न सक्थ्यो । तर, संरचना परिवर्तनसँगै त्यसभित्र काम गर्ने प्रणाली परिवर्तन गर्न नसक्दा प्रदेश संरचनाबाट हुन सक्ने आर्थिक विकासको अपेक्षा पनि ओझेलमा पऱ्यो ।

# पेट गडबड र ढुस्स भएमा के गर्ने ?

चाडपर्वमा मीठोमसिनो खानाले धेरैको पेट खराब भएको हुनसक्छ । खासगरी तारेको, भुटेको, मसालेदार खानेकुरा पेटमा सहजै पच्दैन । यस्ता खानेकुराले पेट गडबड हुन्छ । ढुस्स हुने, पखाला लाग्ने, ग्याँस भरिने जस्ता समस्या हुन्छ । खानपानको कारण पेटमा के कस्ता समस्या हुन्छ ? त्यसको उपचार विधि के हो ?



## चाडपर्वको खानपानले ग्यास्ट्रिक

ग्यास्ट्रिक हुने मुख्य कारण भनेको खराब खानपान नै हो । तनाव, चिन्ता र केही औषधिको सेवनले पनि ग्यास्ट्रिकको समस्या देखापर्छ । अझ चाडपर्वको बेला बढी चिल्लो पिरो खानाले त झन् ग्यास्ट्रिकको समस्या निम्ताउने सम्भावना बढी हुन्छ । चाडबाडको बेला खाना खाने समय पनि मिलेको हुँदैन ।

समयमा खाना नखाँदा र चिल्लो पिरो खानेकुरा बढी खाँदा ग्यास्ट्रिकको समस्या देखा पर्छ ।

## ग्यास्ट्रिकको जटिलता

ग्यास्ट्रिक भएमा सामान्य समस्यादेखि लिएर धेरै जटिल समस्या देखा पर्न सक्छ । धेरै चिल्लो पिरो खानाको सेवनले हाम्रो आन्द्रामा असर गर्नुको साथै बढी एसिड उत्पादन गरेर आन्द्रामा घाउ नै हुन सक्छ ।

ग्यास्ट्रिकको कारण पेट फुल्ने, वाकवाक लाग्ने, ढ्याउ आउने, पेट पोल्ने, पेटमा घाउ हुने र आन्द्रा प्वाल परेर इन्फेक्सन हुने, अल्सर हुने र क्यान्सर नै पनि हुन सक्छ ।

## उपचार के छ ?

ग्यास्ट्रिक भएर के गर्ने भन्दा पनि ग्यास्ट्रिक नै हुन नदिन के गर्ने भन्ने कुरा बढी महत्त्वपूर्ण हो । त्यसैले ग्यास्ट्रिक हुन नदिन खानपानमा विशेष ध्यान दिनुपर्छ । तारेको, भुटेको धेरै चिल्लो खानेकुरा खानु हुँदैन, समयमा खाना खानुपर्छ । ग्यास्ट्रिक भएको छ भने प्रशस्त मात्रामा पानी पिउने । जंक फुड, प्याकेट फुड नखाने, घरमै बनेको खानेकुरा खाने । ल्वाङ, सौफ र पाकेको केराको सेवन पनि गर्न सकिन्छ । ल्वाङ सौफ र केराले ग्यास्ट्रिक समस्या कम गर्न सक्छ । डाक्टरको सल्लाह लिएर एन्टासिडको झोल पनि सेवन गर्न सकिन्छ ।

## अस्पताल जानुपर्ने स्थिति

चाडपर्वको बेलामा ग्यास्ट्रिकको समस्या लिएर धेरै बिरामी अस्पताल आउने गर्छन् । पहिलेदेखि नै ग्यास्ट्रिकको समस्या भएकाले यस्तो बेला झन् चिल्लो, पिरो र मसालेदार खानेकुराको सेवन गर्छन् र पेट दुखेर गम्भीर भएर अस्पताल आइपुग्छन् । इमरजेन्सीमा बढी मात्रामा आउने बिरामी ग्यास्ट्रिकको समस्या लिएर नै आएका हुन्छन् ।

## पेटको दीर्घकालीन समस्या

चाडपर्वको खानपानले हुने ग्यास्ट्रिकको असर दीर्घकालसम्म पनि र हन्छ । कुनै पनि रोग लागेपछि त्यसको उपचार नगरेको खण्डमा त्यो झन् जटिल हुँदै जान्छ । चाडपर्वको बेलामा धेरै चिल्लो पिरो खानेकुरा खाएर ग्यास्ट्रिक भयो र आन्द्रामा घाउ भयो भने त्यो बढ्दै गएर अल्सर र क्यान्सर समेत हुन सक्छ ।

## कस्तो खानपान गर्ने ?

ग्यास्ट्रिकको समस्या कम गर्न सन्तुलित भोजन गर्नुपर्छ । धेरैबेर भोकै नबसी समय–समयमा केही न केही खाइरहनुपर्छ । बढी नुन, अजिनोमोटो भएको, पोलेको खानेकुरा खानु हुँदैन । रक्सी, चुरोट नखाने र खानामा हरियो सागसब्जी र फलफूललाई बढी मात्रामा समावेश गरे यो समस्या बिस्तारै कम हुँदै जान्छ ।

नी पिउनुपर्छ । सागपात र फलफूल प्रशस्त मात्रामा खाने रेसायुक्त खानेकुरा खानुपर्छ । चिल्लो पिरो कम भएको खानेकुरा र घरमै बनेको खानेकुरा खानुपर्छ । धेरै तातो खानेकुरा पनि खानु हुँदैन । चिल्लो पदार्थ खानै नहुने भन्ने होइन, आवश्यक मात्रामा खान सकिन्छ ।

## मदिरा र कोल्ड ड्रिंकको असर

मदिरा र कोल्ड ड्रिंकको सेवनले पनि ग्यास्ट्रिकको समस्या हुन सक्छ । पेटमा एसिडको मात्रा बढाएर ग्यास्ट्रिकको समस्या ल्याउने भएकाले मदिरा र कोल्ड ड्रिंक सेवन नगर्नु राम्रो हुन्छ ।

# कोलेस्टेरोल शरिरलाई किन आवश्यक ?

'कोलेस्टेरोल बढ्यो ।' यस्तो सुन्नासाथ हाम्रो मन बेचैन हुन पुग्छ । जब कोलेस्टेरोलको मात्रा बढ्दै जान्छ, मुटुको जोखिम बढ्दै जान्छ । हाम्रो साझा धारणा यस्तै छ ।

जबकि कोलेस्टेरोल शरीरको लागि अति जरूरी हुन्छ । तर कस्तो कोलेस्टेरोल ?

मुटुरोग विशेषज्ञ डा. कमल शर्मा लम्साल भन्छन्, 'बुझ्ने भाषामा भन्नुपर्दा कोलेस्टेरोल भनेको हाम्रो शरीरमा हुने चिल्लो पदार्थको तह हो ।' उनका अनुसार रगतको नलीहरूमा राम्ररी रक्तप्रवाह गर्न र शरीरको कोषको बनोटमा कोलेस्टेरोलको भूमिका र आवश्यकता हुन्छ ।

तर रगतमा कोलेस्टेरोलको मात्रा चाहिने भन्दा बढी भयो भने रक्तनली, कलेजो र मुटुमा जम्मा हुन्छ । 'विशेषगरी रगतको नलीमा यो जम्मा हुन्छ र रगतको नली साँघुरिएर रक्त प्रवाह राम्ररी हुँदैन,' डा. लम्साल भन्छन्, 'त्यसले गर्दा पक्षघात, हृदयघात र मुटुरोगको जोखिम बढ्न सक्छ ।'

उनका अनुसार कोलेस्टेरोल बढेको पहिचान गर्ने कुनै लक्षण हुँदैन । जाँच गरेपछि मात्र यसबारे जानकारी पाइन्छ ।

## दुई प्रकारका कोलेस्टेरोल

कोलेस्टेरोल मुख्यतया दुई किसिमका हुन्छन् । शरीरमा राम्रो काम गर्ने 'एचडीएल कोलेस्टेरोल' र शरीरमा नराम्रो प्रभाव पार्न सक्ने नराम्रो 'एलडीएल कोलेस्टेरोल' ।

राम्रो कोलेस्टेरोलले हृदयघात, पक्षघात हुनबाट बचाउँछ भने नराम्रो कोलेस्टेरोलले हृदयघात र पक्षघात गराउने डा. लम्साल बताउँछन् ।

अत्यधिक चिल्लो प्रयोग भएको खानेकुरा, बोसो भएको मासु, प्रशोधित तेल, बढी गुलियो प्रयोग भएको पेय पदार्थ, अण्डाको पहेंलो भाग, कार्बोहाइड्रेट बढी भएको खानेकुरा र लामो समयदेखि प्याक गरिएको खानेकुरा, जंकफुड र धुम्रपान मद्यपानको सेवनले शरीरमा खराब कोलेस्टेरोलको मात्रा बढाउने लम्साल बताउँछन् ।

## गुड कोलेस्टेरोलको कुरा

गुड कोलेस्टेरोल, जसले रक्तनलीमा बोसो जम्नबाट बचाउँछ । बढी भएको नराम्रो कोलेस्टेरोललाई कलेजो मार्फत निष्क्रिय बनाइदिन्छ ।

शरीरको कोषहरूको बनोटको लागि गुड कोलेस्टेरोल जरूरी हुन्छ । डा. लम्साल भन्छन् 'गुड कोलेस्टेरोलले नराम्रो कोलेस्टोललाई निष्क्रिय पारेर खराब कोलेस्टेरोलका कारण शरीरमा देखापर्ने मधुमेह, मुटुरोग, उच्च रक्तचाप जस्ता समस्याबाट बचाउँछ ।'

## कति हुनुपर्छ कोलेस्टेरोल ?

कोलेस्टेरोल नाप्ने विभिन्न इकाई हुन्छन् । मिलिग्राम र मिलिमोलमा कोलेस्टेरोल नापिन्छ । सामान्यतया शरीरमा ४० मिलिग्रामभन्दा बढी गुड कोलेस्टेरोल हुनुपर्छ । तर अहिले विभिन्न अनुसन्धान हेर्दा धेरै मानिसमा गुड कोलेस्टेरोल भन्दा नराम्रो कोलेस्टेरोलको मात्रा बढी पाइएको डा. लम्साल बताउँछन् ।

'शरीरमा गुड कोलेस्टेरोलको मात्रा बढाउन बदाम, ओखरजस्ता ड्राइ फ्रुट, माछा, माछाको तेल, ओलिभ आयल आदिको सेवन गर्नुपर्छ,' उनी भन्छन् ।

# यस्ता रोगीले मासु नखाएकै बेस

जब चाडपर्व अनि रमाइलो गरिन्छ तब खानेकुराहरू प्राथमिकतामा पर्छ । प्रा.डा. पोषणविद् उमा कोइरालाका अनुसार खानेकुरा मनोरञ्जनको साधन पनि हो । पर्वहरूमा खाने परिकारमध्ये प्राथमिकतामा मासु पर्छ ।

दसैं तिहारमा खसी, बोका, राँगो, बङ्गुर, भैंसी कुखुराको मासु अधिक मात्रामा खाने चलन छ । जसका कारण स्वस्थ मानिस पनि बिरामी पर्ने अस्वस्थ मानिस झन् बिरामी पर्ने हुँदा खानपानमा विशेष ध्यान दिनुपर्ने प्रा.डा. पोषणविद् कोइरालाको भनाइ छ । नजिकिँदै गरेको तिहारमा मनोरञ्जनात्मक खेलहरू खेल्ने क्रममा मासुका धेरै परिकार बनाएर पटक पटक साता दश दिनसम्म लगातार खाने पनि गरिन्छ ।

## यस्ता रोगीले मासु खान हुँदैन

सकेसम्म कसैले पनि रातो मासु खान हुँदैन । खसी र बङ्गुरको रातो मासुमा धेरै बोसो हुन्छ । बोसो सहितको मासुलाई सजिलैसँग पचाउन सकिँदैन । जसले गर्दा कोलेस्ट्रोल, कार्डियो भास्कुलर डिजिज अर्थात् मुटुको रोग लाग्ने सम्भावना बढी हुने भएकाले नखान उनको सुझाव छ ।

यस्तै, ब्लडप्रेसर हाइ हुनेहरूले पनि रातो मासु खानु हुँदैन । डाक्टर कोइरालाको अनुसार रातो मासुमा बढी मात्रा आइरन हुन्छ । आइरनयुक्त खाना बढी खाँदा उच्च रक्तचाप भएकालाई स्वास्थ्यमा झन् समस्या निम्तने गर्छ । यस्तै, मिर्गौलाका रोगीहरूले रातो चिल्लो मासु खानु उपयुक्त हुँदैन । कलेजो, अल्सर बिरामीले पनि रातो मासु खाँदा पच्दैन त्यसैले नखाएकै बेस हुन्छ ।






जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७
www.bikaskhabar.com
bikaskhabar@gmail.com

# थाहानगरको ऐतिहासिक नवजागृत पुस्तकालयको अध्यक्षमा विष्ट




◆ विकास संवाददाता

मकवानपुर थाहानगरको शिखरकोटमा रहेको नवजागृत पुस्तकालयको ५४ औं साधारणसभाबाट अध्यक्षमा सुमन विष्ट निर्वाचित भएका छन् । जिल्लाकै पुरानो तथा ऐतिहासिक पुस्तकालयको रूपमा रहेको नवजागृत पुस्तकालय संचालनक समिति सर्वसम्मत निर्वाचित भएका हुन् । संस्थाको स्थापना दिवस पारेर आयोजना गरिएको साधारणसभा निर्वतनमान अध्यक्ष मधुसुदन रायमाझीको अध्यक्षतामा भएको थियो ।

साधारणसभाले संस्थाको सदस्यहरूमा जयन्ती रायमाझी, छमकला बस्नेत, अनिता बिष्ट, किशोर रायमाझी, इसाक केसी, मनोज रायमाझी, राजकुमार कार्की, शम्भु अधिकारी, विश्वनाथ रायमाझी र सुमन रायमाझी निर्वाचित भएका छन् । निर्वाचित पदाधिकार हिरूलाई निवर्तमान अध्यक्ष मधुसूदन र ायमाझीले माइन्युट हस्तान्तरण गर्दै पुस्तकालयको जिम्मेवारी युवा पुस्ताको काँधमा सुम्पिएको बताउदै नयाँ समितिले थाहानगरमा पठन सस्कृतिको विकासका लागि अभियान थाल्न अनुरोध गरे । सो अवसरमा नवनिर्वाचित अध्यक्ष सुमन विष्टले केही दिनमै पुस्तकालयको बैठकबसी विधान अनुसार पदाधिकारीहरूको टुङ्गो लगाउने बताए । उनले अग्रजले दिएको जिम्मेवारी तदकरूकताकासाथ पूरा गर्ने र पुस्तकालयलाई आधुनिक रूपमा व्यवस्थापन गरिने बताए ।

जिल्लाकै पुरानो पुस्तकालय नवजागृत पुस्तकालयको साधारणसभाको अवसर मा निवर्तमान अध्यक्ष मधुसूदन रायमाझीले अध्यक्षको प्रतिवेदन प्रस्तुत गरेका थिए भने कोषाध्यक्ष राजेश केसीको प्रस्तुत गरेको आर्थिक प्रतिवेदन पारित भएको छ । कार्यक्रममा कोषाध्यक्ष केसीले पुस्तकालयको १२ लाख १८ हजारको आयब्यय प्रस्तुत गरेका थिए ।

पुस्तकालयका सचिब राजकुमार कार्कीले संचालन गरेको साधारणसभामा पालुङ बहुमुखी क्याम्पसका प्रमुख राजन मिश्र, पालुङ बहुउद्देश्यीय सहकारी संस्थाका सचिब अरूण रायमाझी, शिखरकोट बजार ब्यबस्थापन समिती शिखरकोटका अध्यक्ष मनोज रायमाझी, शिखर क्लबका सल्लाहकार यादव रायमाझी तथा युवा बिनोद केसीले मन्तव्य ब्यक्त गरेका थिए । कार्यक्रमका वक्ताहरूले पुस्तकालय जिवित रहेको तर पाठकहरूको कमी भैरहेको चिन्ता ब्यक्त गर्दै प्लस टु तथा स्नातक अध्ययन गर्ने विद्यार्थीहरूलाई पुस्तकालयमा आकर्षित गर्न सके दुबै पक्षलाई फाइदा हुने बताएका थिए । उनीहरूले नवनिर्वाचित पदाअधिकारीहरूलाई कार्यकाल सफलताको शुभकामना व्यक्त गरे ।

# अपाङ्गता परिचय पत्र दिने सफ्टवेयर सम्बन्धी अभिमुखीकरण

◆ विकास संवाददाता

मकवानपुरको मनहरी गाउँपालिकाकाका ९ वटै वडा सचिव र कम्प्युटर अपरेटर तथा पालिकास्तरीय मानव बेचबिखन रोकथाम समितिका सदस्यहरूका लागि सामाजिक सुरक्षा व्यवस्थापन प्रणाली सम्बन्धी प्राविधिक अभिमुखीकरण कार्यक्रम गरिएको छ ।

ज्येष्ठ नागरिक, महिला तथा बाल बालिका मन्त्रालयले तयार पारेको सामाजिक सूचना व्यवस्थापन प्रणालीबारे प्राविधिक ज्ञान दिनका अभिमुखीकरण कार्यक्रम गरिएको हो । शान्ति फाउण्डेसनले युएसआइडी र युके एडको सहयोगमा सञ्चालन गरेको सम्मान परियोजना अन्तर्गत कार्यक्रम आयोजना गरिएको हो । फाउण्डेसनकी जिल्ला कार्यक्रम अधिकृत सीता गुरूङका अनुसार मन्त्रालयले तयार पारेको प्रणालीलाई कार्यान्वयन गर्ने सरकारको तयारी छ । हाल परियोजना लागू भएका पालिकाहरूमा यो प्रणालीको अवलम्बन गर्ने तयारी भइरहेकाले प्राविधक अभिमुखीकरण गरिएको उनले बताइन् ।

# थाहानगरमा संचालित बाल सपना परियोजनाको मूल्याङ्कन



◆ विकास संवाददाता

थाहा नगरपालिकामा ३ वर्षदेखि संचालनमा रहेको बाल सपना परियोजनाको मुल्याङ्कनसहित छलफल तथा अन्तरक्रिया भएको छ । एकीकृत ग्रामीण विकास सेवा मकवानपुरको व्यवस्थापन तथा प्लान इन्टरनेशनलको सहकार्यमा 'बालबालिका नै राष्ट्रका भविष्य हुन्' भन्ने ध्ययेका साथ संचालनमा रहेको सुनौला हजार दिन अन्तर्गत बाल सपना कार्यक्रमको विषयमा अन्तिम मुल्यांकन तथा परियोजना अन्तर्गतको उपलब्धि बारे ४ असोजमा छलफल कार्यक्रम भएको हो । पालिकामा स्वास्थ्य शाखासंगको सहकार्यमा कार्यक्रम गरिएको हो ।

नयाँगाउँको पाइनस होटलमा आयोजित कार्यक्रममा थाहानगर भित्र रहेका गर्भवती तथा शिशु स्याहारमा आमाको मात्र भूमिका नभएर परियोजना संचालन भएयता त्यस्ता कार्यमा पुरूष तथा घरका सासू ससुराको समेतमा सहभागिता बढ्दै गएको पाइयको परियोजनामा संलग्न परिचालकहरूले अनुभव प्रस्तुत गरेका थिए । कार्यक्रममा बाल सपना परियोजना बाहेक संस्थाले संचालन गरेको अभिभावक शिक्षाको प्रभावकारिता उपलब्धि बारेमा जानकारी गराइएको थियो। स्वास्थ्य स्वयंसेविकाहरूले थाहा नगरपालिकामा अभिभावकहरूले आफ्ना नानीबाबुलाई गर्ने व्यवहारमा परिवर्तन आयको बताउदै बालबालिकाको बोलचाली, पढाई, खानपिनसहित व्यवहारमा सकारात्मक परिवर्तन आएको बताए । परियोजना संचालनभएपछि अभिभावक र बालबालिकाको दैनिक व्यवहारमा समेत परिवर्तन आएको सहभागीहरूले बताए । कार्यक्रममा थाहानगरको परियोजनाको मुल्यांकन गर्दै प्लानका मुल्यांकनकर्ता दिपा सिंहले अभिभावकले आफ्ना बालबालिकासंग गरेका सकारात्मक अन्तरक्रिया, बालबालिका माथि अभिभावकको हिंसाको प्रयोगमा न्यूनीकरण आएको, बालबालिकाले आफुमाथी हुने हिंसाको रिपोर्ट गर्ने कार्य बढेको, ३ वर्ष मुनिका बालबालिकाहरूको गतिविधी अभिभावकले पहिचान गर्न सकेको, अभिभावकहरूले बालबालिकाको स्वास्थ्य र पोषणको बारेमा ख्याल राख्ने कुरामा वृद्धि भएको लगायत परियोजनाले जारी गरेको सूचकको प्रभाव बारेमा अन्तिम मुल्यांकन प्रस्तुत गरिन् ।

थाहानगरका उपप्रमुख भरत गोपाली, वडा नम्बर ३ का अध्यक्ष हिरेन्द्र रायमाझी, ४ नम्बर वडा अध्यक्ष नारायण लामा, ५ का बिष्णु बहादुर गुरूङ, सामाजिक विकास शाखा प्रमुख अनिल लामिछाने, एकीकृत ग्रामीण विकास सेवा मकवानपुरका सचिव मिनराज पौडेल, संस्थाकै कार्यक्रम प्रमुख संजिव कुमार जोशी, थाहानगर स्वास्थ्य शाखाका प्रमुख मेघराज बलामी, थाहानगर शिक्षा शाखाका प्रमुख शोभाकर रेग्मी, प्लान इन्टरनेशनल काठमाडौंका अनुगमन तथा मुल्यांकन प्रमुख दिपा सिं, प्लानका बाल परियोजनाका मिहिर कुमार झालगायत स्वास्थ्य स्वयंसेविकाहरू, स्वास्थ्यकर्मीहरू, परियोजनाको अभिभावक शिक्षामा सहभागी, सामाजिक परिचालकहरूको उपस्थिति रहेको थियो ।

# दुनाटपरी गाँस्न सिक्दै विद्यार्थी

◆ विकास संवाददाता

हेटौंडा-९ मा रहेको श्रीकृष्ण आदर्श सेकेण्डरी बोर्डिङ स्कुलले पठन सिपसँगै व्यवहारिक शिक्षालाई पनि जोड दिन थालेको छ ।

विद्यार्थीलाई व्यवहारिक शिक्षा दिने उद्धेश्यले विद्यालयले वार्षिक कार्ययोजना तयार पारेर विभिन्न कार्यक्रम सञ्चालन गर्न लागिएको विद्यालय व्यवस्थापन समिति अध्यक्ष नवीन केसी जानकारी दिए । वार्षिक कार्ययोजनाअनुसार विद्यार्थीलाई व्यवहारिक ज्ञान तथा सिप सिकाउने उद्धेश्यले विभिन्न कार्यक्रम सञ्चालन गरिरहेका छौं,' केसीले भने-'प्रत्येक शुक्रबार अतिरिक्त क्रियाकलाप सञ्चालन हुनेगर्छ । जसअनुरूप भदौ महिनाका दुई हप्ता कक्षा-५ देखि ९ सम्मका विद्यार्थीलाई दुनाटपरी गाँस्न सिकायौं । प्लास्टिकमुक्त बनाउने अभियानसहित बनजंगलमा पातलाई सदुपयोगका निम्ति विद्यार्थीलाई दुनाटपरी गाँस्न सिकाएका हौं ।'






# थाहानगरमा मंगलदीपले थाल्यो 'डिजिटल कारोबार'



◆ विकास संवाददाता

थाहानगरमा सदस्य सेवा केन्द्र रहेको मंगलदीप बचत तथा ऋण सहकारी संस्थाले डिजिटल कारोबारको शुरू गरेको छ । यस अन्तर्गत सहकारीले थाहानगरका अटो व्यवसायीहरूलाई क्युआर वितरण सुरु गरेको छ ।

संस्थाको आठौं साधारण सभाको अवसरमा संस्थाका अध्यक्ष नवराज विष्टले ११ व्यवसायीलाई क्युआर कोड वितरण गरेर यहाँ उक्त सेवा शुरू गराएका हुन् । यसको अवलवा मंगलदीप सहकारीको मोबाईल बैंकिङ सेवा पनि रहेको छ । 'मंगलदिप स्मार्ट एप' बाट विभिन्न प्रकारको क्यासलेस कारोवार गर्न सकिने थाहानगर सेवा केन्द्रका व्यवस्थापक गणेश विष्टले बताए ।

मोबाइल रिचार्ज सेवा, पानी बत्तीको बिल, जुनसुकै ईन्टरनेटको रिचार्ज, डिसहोम रिचार्ज, ईन्सुरेन्स प्रिमियम तिर्न, ईसेवा खल्ती लोड, प्लेन टिकेट बुक, टपअप सेवा, टुटल पठाओलाई पेमेन्ट, डाटा प्याक सेवा तथा जुनसुकै बैंक खातामा सहजै ट्रान्सफर्मर पनि गर्न सकिने मंगलदिपका विष्टले जानकारी दिए ।

# थाहानगरको बज्रवाराहीमा सरसफाई कार्यक्रम



◆ विकास संवाददाता

थाहा नगरपालिका ६ नम्बर ६ को कार्यालय तथा लभग्रीन नेपालको संयुक्त आयोजनामा ८ असोजमा बज्रबाराही बजार तथा धार्मिक क्षेत्र सरसफाइ गरिएको छ । 'आफ्नो ठाउँ आफै सफा गरौं' भन्ने नाराका साथ बज्रबाराही बजार ब्यबस्थापन समिति समेतको सहकार्यमा सरस्वती बजार, बज्रबाराही मन्दिर परिसर, नन्दीकेश्वर, पशुपति, गणेश स्थानको सफाइ गरिएको हो ।

सरसफाइ कार्यक्रममा इभन इंग्लिस एकेडेमी, सरस्वती इंग्लिस बोर्डिङका विद्यार्थीहरू, सुनौला माविका स्काउट ट्रुपको साथै स्थानीयहरू र अस्थायी प्रहरी चौकीका प्रहरी, चनबन ब्यारेकका सहसेनानी मदन श्रेष्ठको कमाण्डमा ४५ जवान सेनाको सहभागिता रहेको थियो।

कार्यक्रममा ६ नम्बर वडाध्यक्ष राजेन्द्र भक्त श्रेष्ठले सफाइ सभ्यताको पहिचान भएको बताउदै आफ्नो ठाउँ आफैले सफा गर्नुपर्नेमा जोडदिए । ससफाई सम्बन्धी कार्यक्रम टोल टोलमा संचालन गर्न बजार ब्यबस्थापन समिति लागिपर्नु पर्ने र त्यसको लागि आवश्यक सहयोगको लागि नगरपालिका तथा वडा सदैव तयार रहेको अध्यक्ष श्रेष्ठले बताए ।

सरसफाई कार्यक्रम सरस्वती बजार ब्यबस्थापन समितिका अध्यक्ष राजभाइ श्रेष्ठको सभाध्यक्षतामा भएको थियो ।

# जनकल्याणका विद्यार्थीलाई सम्मान

◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिका वडा नम्बर ३ मा रहेको जनकल्यण माविले विद्यार्थीहरुलाई सम्मान गरेको छ । ७ असोजमा एक कार्यक्रमको आयोजना गरी जनकल्याणले एसइई २०७८ मा उत्कृष्ट जिपिय हासिल गर्ने, कक्षा १२ तथा सिटिइभिटी बाली विज्ञान डिप्लोमा तहमा उत्कृष्टसहित राष्ट्रपति रनिङ शिल्ड तथा मेयर कप भलिबल प्रतियोगिता २०७८ मा उत्कृष्ट र विजेता हुने खेलाडी विद्यार्थीहरूलाई बधाई सम्मान गरिएको हो ।

थाहा नगरपालिकाका प्रमुख विष्णु विष्टको प्रमुख आतिथ्यता तथा उपप्रमुख भरत गोपालीको विशिष्ट आतिथ्यतामा कार्यक्रम भएको हो । पालुङ बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको सभाहलमा भएको कार्यक्रममा उत्कृष्ट विद्यार्थीहरुलाई प्रमुख अतिथी तथा विशिष्ट अतिथीले प्रमाणपत्र तथा नगदसहित सम्मान



गरेका थिए । कार्यक्रममा एसइइतर्फ ए प्लस ल्याउन सफल रोनिसा कार्की, तथा ग्रेड ए ल्याउने यस्तर थिङ, मनोज कार्की, स्पृहा कार्की र इश्वरी कार्की सम्मानित भए । त्यस्तै दशजोड दुई अन्तर्गत स्वस्तिका थोकर, मन्जरी अधिकारी, रोमन बलामी, पुर्णिका कार्की सम्मानित भए भने सिटिभिटी तीनवर्ष बाली बिज्ञानतर्फ सहारा बस्नेत, कृतिका ढकाल, कृस्टी ढकाल र अमिसा स्याङ्तानलाई सम्मान गरिएको थियो ।

विद्यालय व्यवस्थापन समितिका सदस्य अर्जुन सुनारको अध्यक्षतामा भएको कार्यक्रममा थाहा नगरपालिका वडा नम्बर ३ मा अध्यक्ष हिरेन्द्र रायमाझी, शिक्षाप्रेमी तथा झलकचन्द्र शिक्षा ज्योति छात्रवृत्तिका संयोजक सुवासचन्द्र विष्ट, पुर्व शिक्षक बिमलकुमार विष्ट, पालुङ बहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्ष पुरूषोत्तम कार्की, पत्रकार शम्भु अधिकारीलगायत शिक्षक, विद्यार्थीहरूको उल्लेख्य उपस्थिती रहेको थियो ।

# पालिका प्रेसले १० स्थानीय तहमा सूचना माग्यो

◆ विकास संवाददाता

नेपालका स्थानीय तह (पालिकाहरू) को समाचारलाई प्राथमिकताकोसाथ समाचार प्रकाशन गर्दै आएको पालिका प्रेस डटकमले मकवानपुरको दशवटै पालिकासंग सूचना माग गरेको छ । पालिका प्रेसले जिल्लाका स्थानीय तहहरूसंग आर्थिक वर्ष २०७८/०७९ को स्रोतगत आम्दानी खर्च र क्षेत्रगत आम्दानी खर्चको विवरण माग गरेको हो । पालिका प्रेस डटकमले मकवानपुरको हेटौंडा उपमहानगरपालिका, थाहा नगरपालिका, इन्द्रसरोवर गाउँपालिका, भिमफेदी, मकवानपुरगढी, बागमती, बकैया, मनहरी, कैलाश र र ाक्सिराङ गाउँपालिकासंग इमेल मार्फत पत्राचार गरी सूचना माग गरेको हो ।

पालिकाहरूले आर्थिक वर्ष सम्पन्न भएपछि स्थानीय तहहरूले बजेट कार्यान्वयन वार्षिक समिक्षा गर्नुपर्ने भएपनि उक्त कार्य संचार माध्यममा नआएकोले उक्त विवरण सञ्चार प्रयोजनका लागि माग गरेको जनाएको छ । नेपालको संविधानको धारा २७ तथा सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ३ र ७ बमोजिम मकवानपुरका पालिकाहरूको सूचना माग गरिएको छ । सूचना माग गरिएको पत्रमा भनिएको छ-'आर्थिक वर्ष २०७८/०७९ को स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) को आम्दानी खर्च खुल्ने विनियोजन रेखाङ्कनको वार्षिक आयव्ययको प्रतिवेदन (चालु र पुँजीगत खुल्ने) र क्षेत्रगत बजेट तथा खर्च (प्रतिवेदन) सञ्चार प्रयोजनका लागि इमेल मार्फत प्रमाणित गरी उपलब्ध गर इदिनुहुन अनुरोध छ ।'

# पालुङ क्याम्पसमा शुभकामना आदानप्रदान कार्यक्रम



◆ विकास संवाददाता

पालुङ बहुमुखी क्याम्पसले शुभकामना आदानप्रदान कार्यक्रम गरेको छ । नसजर्किँदै गरेको महान चाड विजया दशमी, दिपावली, नेपाल संवत र छठपर्वको अवसरमा ९ असोजमा क्याम्पसले कार्यक्रम आयोजना गरी शुभकामना आदानप्रदान गरेको हो ।

स्वतन्त्र विद्यार्थी युनियन पालुङ क्याम्पसका सभापति मुकेश गोलेको सभाध्यक्षमा सञ्चालित कार्यक्रममा विनिता गोपाली प्रथम, रूविना खत्री द्वितीय, मेनुका देउला तृतीय र मोनिका खत्रीले चौथो भइन् । कार्यक्रममा सभापति मुकेश गोलेले हाम्रा चाडपर्व हाम्रा सस्कृतिको त्यसको जगेर्ना गर्नुपर्ने बताए । उनले आफ्नो संस्कृती र परम्परा जोगाउन सबै उत्तिकै जिम्मेवार हुनुपर्ने बताए । उनले सम्पुर्ण विध्यार्थिहरूले हर्सोउल्लासकासाथ चाडपर्व मनाउदै आफ्नो पठनपाठनलाई पनि निरन्तरता दिनुपर्नेमा जोड दिए ।

निर्णायक मण्डलको तर्फबाट सहप्राध्यापक रामहरि अधिकारी र हरिकृष्ण कार्किले चाड पर्वको महत्व बताउँदै शुभकामना दिए । पालुङ क्याम्पसले यसअघि हरितालिका तिजको अवसरमा पनि नृत्य प्रतियोगिता गरेको थियो । क्याम्पसले वक्तृत्वकला तथा निबन्ध लेखन प्रतियोगिता जस्ता कार्यक्रमलाई प्राथमिकताका साथ संचालन गर्ने क्याम्पस प्रमुख राजन मिश्रले बताए । प्रमुख मिश्रले अतिरिक्ति क्रियाकलापको साथै अध्ययन अध्ययापनलाई पनि उत्तिकै प्राथमिकतामा राखिएको बताए ।




समयमै व्यक्तिगत घटना दर्ता गरौं ।

थाहा नगरपालिका
इन्द्रायणी चौर, मकवानपुर
पञ्जीकरण शाखा




जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

# चाडबाडको समयमा खानपानमा ध्यान दिऔं

– मासु तथा मासुजन्य पदार्थको आवश्यकता भन्दा बढी उपभोग नगरौं,

– काटेको वा पकाएको मासु तथा मासुजन्य पदार्थ सुरक्षित राखेर मात्र उपभोग गरौं,

– सडेगलेको र गन्हाएको मासुजन्य पदार्थ उपभोग नगरौं,

– मासु तथा मासुजन्य पदार्थसँग अन्य खानेकुराको सन्तुलन मिलाएर उपभोग गरौं,

नेपाल सरकार
**विज्ञापन बोर्ड**

---

नेपाल सरकार
गृह मन्त्रालय
**राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग**
सिंहदरबार, काठमाडौं

## सामाजिक सुरक्षा परिचयपत्र नवीकरण सम्बन्धी अत्यन्त जरुरी सूचना




सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले २०७९ श्रावण १ गतेदेखि २०७९ भाद्र मसान्तसम्म आफ्नो स्थायी ठेगाना रहेको वडा कार्यालयमा लाभग्राही स्वयं उपस्थित भई अनिवार्य रुपमा परिचयपत्र नवीकरण गरौं

**तोकिएको समयमा नवीकरण नगराएमा सामाजिक सुरक्षा भत्ता प्रदान गरिने छैन।**

**थाहा नगरपालिका**
नगर कार्यपालिका कार्यालय
इन्द्रायणी चौर मकवानपुर

---





● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेल: bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी